# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार १७ गते २०४८ साल (अतिरिक्ताङ्क १६(ग)

## भाग १

### संसद सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०४८ साल आषाढ १७ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## शाही सम्बोधन

**प्रतिनिधि सभाका सभामुख,**
**राष्ट्रिय सभाका अध्यक्ष**
**तथा संसदका सदस्यहरू ।**

१. बहुदलीय शासन व्यवस्था अन्तर्गत देशको सर्वोच्च विधायिकाको पहिलो अधिवेशनलाई सम्बोधन गर्न प्रारम्भ गर्दा सबैभन्दा पहिले हामी ज्ञात-अज्ञात सम्पूर्ण शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं ।

२. जनताको चाहना र इच्छा अनुरूप हामीबाट २०४७ साल कार्तिक २३ गतेका दिन बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, जनतामा निहित सार्वभौमसत्ता र जनताको मौलिक हक तथा तिनको सुरक्षा जस्ता मूलभूत कुराहरूको प्रत्याभूति हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा गरी लागू गरिबक्सेको सबैमा विदितै छ । यसै संविधान अनुसार हालै देशमा बालिग मताधिकारको आधारमा भएको आमनिर्वाचन पछि पहिलो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पटक गठन भएको संसदका दुवै सदनका सदस्यहरूलाई आज सम्बोधन गर्न पाउँदा हामीलाई हर्ष लागेको छ। यो महत्त्वपूर्ण अवसरमा जनताद्वारा निर्वाचित प्रतिनिधि–सांसदहरूलाई स्वागत गर्दै आज हामी संसदीय शासन प्रणालीको सफलताको हार्दिक कामना गर्दछौं।

३. नेपाली जनताको इच्छा र आकांक्षा अनुसार स्थापित प्रजातन्त्रको रक्षा र विकास गर्नु अब हामी सबैको समान दायित्व भएको छ। मेरो सरकारको विचारमा बहुदलीय प्रजातन्त्रको यो सर्वस्वीकृत संरचनाभित्र आर्थिक विकासको प्रतिफल देशका अत्यन्त गरीब र निमुखा जनतासम्म पुऱ्याउन सकेमा मात्र प्रजातन्त्र देशमा दिगो र बलियो हुन सक्छ। यो निःसंकोच स्वीकार गर्नुपर्ने सत्य हो– देशका बहुसंख्यक जनताहरू भोक, रोग र अशिक्षाको दुःखद पीडाले ग्रस्त छन्। जीवनका न्यूनतम आवश्यकता र सुविधाहरूबाट वञ्चित ग्रामीण जनताका निम्ति सम्मानपूर्वक जीवनयापन गर्न झन्-झन कठिन हुँदै गएको छ। आजसम्मको विकास प्रयासले देशको जनसंख्याको ठूलो हिस्सालाई छुन सकेको छैन। आर्थिक विकासको प्रतिफल पाउनपर्ने वास्तविक हकदार ग्रामीण जनताहरू सामाजिक न्यायबाट वञ्चित भएर सबैभन्दा पछाडि परेका छन्। यो नवोदित प्रजातन्त्रका लागि सबैभन्दा ठूलो चुनौती आजसम्म विकासको फल पाउनबाट वञ्चित सबैभन्दा पछाडि परेका निमुखा र गरीब जनतालाई सामाजिक न्याय प्राप्त गर्ने अघिल्लो पंक्तिमा ल्याइपुऱ्याउनु हो। बहुदलीय प्रजातन्त्रलाई सार्थक र न्यायपूर्ण बनाउने हो भने देशमा अब एउटा राष्ट्रिय सहमति बन्नै पर्छ। केही न केही सेवा र सुविधा पाइराखेको वर्गले आफ्नो सुविधामा थप विस्तारको खोजी होइन, जीवनका न्यूनतम आवश्यकताबाट वञ्चित देशका विपन्न र अभावग्रस्त जनताका निम्ति देशको साधन र स्रोत लगानी गर्न सरकारलाई निर्देशन गर्नुपर्दछ।

४. मेरो सरकारको सम्पूर्ण कार्यक्रम विकासको यही समतामूलक दृष्टि र सामाजिक न्यायलाई स्थापित गर्ने प्रतिबद्धताद्वारा निर्देशित हुनेछ। राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि मात्र होइन, त्यसको न्यायपूर्ण वितरणको निम्ति सरकारले नीति र कार्यक्रम बनाउनेछ। गाउँ र ग्रामीण जनताको विकासलाई उच्चतम प्राथमिकता दिई ग्रामीण क्षेत्रमा बढी राष्ट्रिय लगानी गर्ने नीति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८८८

लिइनेछ । जनतालाई गरीबीबाट मुक्ति दिलाउने उद्देश्यले सरकारले उत्पादनमूलक रोजगारीका अवसरहरूमा वृद्धि गर्ने तथा शुद्ध पिउने पानी, शिक्षा, स्वास्थ्य र सडक यातायात सेवालाई ग्रामीण जनतासम्म पुऱ्याउने नीति र कार्यक्रमलाई प्राथमिकता दिनेछ। राष्ट्र निर्माणको यो गहन जिम्मेवारी सरकार एक्लैले बोक्न सम्भव हुँदैन। त्यसैले मेरो सरकारले देश विकासका गतिविधिहरूमा निजी क्षेत्रको व्यापक सहभागिता विस्तार गर्दै जाने, स्वदेशी एवं विदेशी गैरसरकारी पूजीलाई प्रोत्साहित गर्ने तथा राष्ट्रिय प्राथमिकता र स्वार्थ अनुकूल विदेशी लगानीलाई आकर्षित गर्ने नीति लिनेछ । आगामी आठौं योजनाको तर्जुमा र कार्यान्वयनमा जनता र जनताका प्रतिनिधिहरूलाई सहभागी गराई यिनै मूलभूत उद्देश्यहरूको प्राप्तिका लागि प्रयास थालिनेछ। राष्ट्रिय योजना आयोगको संरचना र कार्यशैलीमा पनि वाञ्छित सुधार गरिनेछ ।

५. सर्वसाधारण जनतालाई राहत पुऱ्याउन महँगी नियन्त्रण गर्नेतर्फ मेरो सरकारले ठोस कदम चाल्नेछ। यसका लागि वित्तीय र मौद्रिक नीतिमा वाञ्छित सुधार ल्याउनुका साथै उपभोग्य वस्तु तथा विकास-निर्माण सामग्रीको सुव्यवस्थित आपूर्ति कायम राख्न सामान्यतः निजी क्षेत्रलाई प्रेरित गरिनेछ। तर कृत्रिम रूपले आपूर्तिमा कमी ल्याई मूल्यवृद्धि गराउने प्रवृत्ति देखा परेमा सरकारले बजारमा हस्तक्षेप गर्ने नीतिका साथै कडा प्रशासनिक कार्यवाही समेत गरी कृत्रिम मूल्यवृद्धि रोक्नेतर्फ आवश्यक कदम चाल्नेछ। मेरो सरकारले राजस्वका वर्तमान दरहरूमा आवश्यक सुधार र समायोजन गरी यिनलाई गतिशील बनाउनुका साथै कर प्रशासनलाई सरल, स्वच्छ र सक्षम बनाई बढी राजस्व परिचालनमा जोड दिनेछ। मेरो सरकारले विदेशी सहयोग अब राष्ट्रिय प्राथमिकता अनुरूपका विकास कार्यक्रममा रोजगारी, लागत तथा प्रतिफलको आधारमा जनतालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरूमा मात्र स्वीकारिने परम्परा बसाल्नेछ। चलिरहेका विकास आयोजनाहरूलाई पनि यसै दृष्टिले पुनरावलोकन गरिनेछ।

६. विकासको प्रतिफल सबैभन्दा पिछडिएका वर्गसम्म पुऱ्याउन प्रशासन यन्त्रलाई बढी दक्ष, उत्पादनशील र जनमुखी बनाउने उद्देश्यले यसमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपयुक्त सुधार प्रक्रियाको थालनी गरिनेछ। बितेको ३२ वर्षको अवधिमा अर्थ व्यवस्थाले धान्नै मुश्किल हुने गरी प्रशासनिक यन्त्रमा विस्तार भएको छ। त्यसैले वर्तमान प्रशासनिक संरचनालाई पुनरावलोकन गरी अनावश्यक सरकारी निकायहरू बन्द गरिनेछन्। त्यसो गर्दा कर्मचारी वर्गको हितको संरक्षण तथा देशको आवश्यकता दुवैलाई ध्यानमा राखिनेछ। लोकसेवा आयोगलाई बढी प्रभावकारी बनाई सक्षम र इमान्दार कर्मचारीहरूको योग्यता र स्वाभिमानको रक्षा गरिनेछ तथा भ्रष्टता र बेइमानीतर्फ उन्मुख प्रवृत्तिलाई निर्मूल गरिनेछ। मेरो सरकारले देशको विद्यमान आर्थिक क्षमता तथा कर्मचारीहरूको तलबमानको स्थितिलाई मूल्याङ्कन गरी सुझाव पेश गर्न एउटा "पे-कमिशन" को गठन गर्नेछ।

७. कृषि क्षेत्रलाई बढी उत्पादनशील बनाउन मेरो सरकारले गाउँस्तरमा रहेका साझा संघ-संस्थाहरूको कार्यशैलीमा सुधार गरी किसानहरूलाई कृषि उत्पादन सामग्रीहरू सुलभ तरिकाबाट उपलब्ध गराउनेछ। किसानलाई ऋण, कृषि सामग्री र कृषि सेवा एउटै छानोमुनि उपलब्ध गराउनेतर्फ कदम चालिनेछ। साना किसानलाई सरल दरमा कृषि ऋण उपलब्ध गराइनेछ। मलखादको आपूर्तिमा वृद्धि गर्न स्वदेशमै मल कारखाना खोल्न नीतिगत प्रोत्साहन दिइनेछ तथा जैविक मलखादको प्रयोग गर्नेतर्फ जोड दिइनेछ। किसानले उत्पादन गरेका कृषि उपजको उचित मूल्यमा तथा समयमै खरीद गर्ने नीति मेरो सरकारले लिनेछ। पशु स्वास्थ्य र उपचार सेवामा पनि व्यापक विस्तार गरिनेछ।

ग्रामीण क्षेत्रमा रहेका युवा, महिला र शिक्षित जनशक्तिको क्षमता र ज्ञानलाई कृषि विकासका विभिन्न उत्पादन एवं आयमूलक कार्यक्रममा परिचालन गरिनेछ। कृषिजन्य उद्योगको प्रवर्द्धनमा जोड दिई रोजगारीको अवसरमा वृद्धि गरिनेछ। तराई, पहाड र हिमाली क्षेत्रमा उपयुक्त कृषि र वन विकासद्वारा भू-उपयोगको स्थितिमा सुधार ल्याई वातावरणीय सन्तुलन कायम गर्ने प्रयत्न गरिनेछ।

८. मेरो सरकारले भूमिसुधार सम्बन्धी हालसम्मको अनुभवलाई विस्तृत विश्लेषण गरी भूमिमा रहेको द्वैध स्वामित्व समाप्त गर्नेतर्फ कार्यवाही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८

शुरू गर्नेछ। मालपोत असूली र जग्गा प्रशासन कार्यमा नयाँ प्रविधि र तरिकाको प्रयोग गरिनेछ। गुठी सञ्चालनमा अवरोध नपुग्ने गरी गुठी जग्गाका मोहीहरूको अधिकार दिलाउने कार्यक्रम ल्याइनेछ। जियोडेटिक नियन्त्रण विन्दुहरूको स्थापना गरी विकास आयोजना तर्जुमा गर्न उपयोगी हुने आधार-नक्शाहरू तैयार गरिनेछन्।

९. मेरो सरकारले कडाइका साथ वनको संरक्षण गर्ने तथा वैज्ञानिक व्यवस्थापन गर्ने वन नीतिको कार्यान्वयन गर्नेछ। वन विकास कार्यक्रममा व्यापक जनसहभागिता जुटाउन संरचनात्मक परिवर्तन गर्नेछ। सामुदायिक वन विकास कार्यक्रमलाई प्राथमिकता दिई वन पैदावारको सतत उत्पादन र आपूर्तिमा तीव्रता ल्याइनेछ। विद्यालय स्तरदेखि नै वन र वातावरण बीचको अन्तरसम्बन्धका विषयमा शिक्षा दिने पाठ्यक्रमको विकास गरी वन विनाश, बाढी, पैह्रो, भू-क्षय जस्ता वातावरणीय विसंगतिलाई समाप्त पार्ने क्रममा ग्राम जनतामा जागरण ल्याउने प्रयास आरम्भ गरिनेछ।

१०. हालसम्म सम्पन्न भएका सिंचाइ आयोजनाहरूको अधिकतम उपयोग गर्न ती आयोजनाहरूको मर्मत, सम्भार र सञ्चालनमा तथा सिंचाइ सुविधाको थप विस्तार गर्ने कार्यक्रममा स्थानीय जनतालाई सहभागी गराउने दृष्टि मेरो सरकारले राख्नेछ।

दीर्घकालीन सिंचाइको आवश्यकता पूरा गर्न बहुउद्देश्यीय आयोजनाहरूको लागि स्रोत र साधनको व्यवस्था गर्ने प्रयास जारी रहनेछ। आगामी आर्थिक वर्षमा अठतीस हजार हेक्टर थप जमीनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ। खेतीयोग्य जमीनको कटान रोक्न नदी नियन्त्रणको कार्यलाई प्राथमिकता दिइनेछ।

विद्युत् सेवातर्फ ग्रामीण इलाकामा प्रसारण–प्रणालीको विस्तार तथा साना जलविद्युत् आयोजनातर्फ निजी क्षेत्रलाई सहभागी गराउने नीति लिइनेछ।

ठूला जलविद्युत् आयोजनाहरूका निम्ति मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग आवश्यक छलफल एवं पूर्वाधार निर्माण गर्ने प्रयास जारी रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. शहरी तथा ग्रामीण क्षेत्रका प्रत्येक नेपालीलाई आगामी दश वर्षभित्र शुद्ध पिउने पानी उपलब्ध गराउने कार्यक्रमलाई मेरो सरकारले उच्चतम प्राथमिकता प्रदान गरी सञ्चालन गर्नेछ। कम खर्चिलो र उपयुक्त ग्रामीण सरसफाइ कार्यक्रम पनि सञ्चालन गरिनेछ। ग्रामीण क्षेत्रमा सुविधायुक्त बसोबास गराउन ग्रामीण आवास आयोजना सञ्चालन गरिनेछ।

शहरमा जनसंख्यावृद्धि र अव्यवस्थित बसोबासले उत्पन्न गरेको सेवा, सुविधा र आवासको समस्यालाई समाधान गर्ने उद्देश्यले उपयुक्त शहर विकास तथा आवास नीति जनसमक्ष ल्याइनेछ।

मेरो सरकारले २०४५ सालमा भूकम्पपीडित जनतालाई राहत दिन सञ्चालन गरिएका कार्यक्रमहरूको प्रभावकारिताको मूल्याङ्कन गर्नेछ।

१२. आगामी आर्थिक वर्षमा मेरो सरकारले पूर्व-पश्चिम राजमार्गको बाँकी खण्ड, उत्तर-दक्षिण राजमार्ग र ती राजमार्गहरूसित जिल्लाका सदरमुकामलाई जोड्ने सहायक मार्गको निर्माण र निर्माण भएका बाटाहरूको मर्मत र स्याहार कार्यक्रमलाई प्राथमिकता दिनेछ। कृषि उपजका लागि बजारको विस्तार तथा ग्रामीण जनताको आवागमनका लागि स्थानीय महत्त्वका मोटर बाटाहरू सरकारी सहयोग तथा जनताको श्रम, सहयोग र सहभागिताको आधारमा निर्माण गरिने छन्। दुर्गम ग्रामीण क्षेत्रमा घोडेटो, गोरेटो तथा झोलुङ्गे पुलहरूको निर्माण र मर्मत कार्यलाई प्रोत्साहित गरिनेछ। विद्युत्‌बाट देशका विभिन्न भागमा चल्नसक्ने यातायात र रोप-वे सेवाको सम्भाव्यता खोजिनेछ।

१३. उद्योगको क्षेत्रमा मेरो सरकारले कृषिजन्य, श्रममूलक, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई ग्राह्यता दिनुका साथै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका उद्योगहरूलाई प्रोत्साहन दिनेछ। मेरो सरकारले निजी क्षेत्रलाई सहयोग पुऱ्याउने, निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने तथा लगानीकर्ताका निम्ति उपयुक्त वातावरणको सिर्जना गर्नेछ।

सरकारी क्षेत्रमा राम्ररी चल्न नसकेका कतिपय औद्योगिक र व्यापारिक प्रतिष्ठानहरू निजी क्षेत्रलाई हस्तान्तरण गर्न वा तिनको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी बनाउन आवश्यक नीतिगत कदम चालिनेछन्।



260

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुत्पादक र राष्ट्रिय प्राथमिकता भन्दा बाहिरको क्षेत्रमा प्रवाहित भइरहेको निजी क्षेत्रको पूंजीलाई उत्पादनशील र रोजगारीमूलक क्षेत्रमा प्रवाहित गर्ने उद्देश्यले मौद्रिक र वित्तीय नीतिमा उपयुक्त सुधार गरिनेछ तथा उद्योग-व्यापारमा विद्यमान लाइसेन्सिङ्ग प्रथा र प्रशासनिक झन्झटलाई कम गर्न सरल व्यवस्था अपनाइनेछ।

औद्योगिक एवं व्यापारिक क्षेत्रमा लगानीकर्तालाई दिइने प्रशासन सम्बन्धी सेवा "एकद्वार प्रणाली" मार्फत दिने व्यवस्था सुदृढ गरिनेछ। घरेलु उद्योगको विकास र सम्वर्द्धनलाई प्रोत्साहित गरिनेछ तथा साना स्तरका उद्योगका निम्ति आवश्यक प्रविधिको विकास र हस्तान्तरणका लागि प्रविधि विकास एवं हस्तान्तरण केन्द्रको स्थापनातर्फ जोड दिइनेछ।

मेरो सरकारले निकासीयोग्य वस्तुहरूको अधिकतम उत्पादन र तिनको गुणस्तरमा सुधारद्वारा निकासी अभिवृद्धि गर्ने वाणिज्य नीति अपनाउने छ। साथै विलासिताका वस्तुहरूको पैठारीमा नियन्त्रण तथा सर्वसाधारण जनताका आवश्यकताका वस्तुहरूको सुलभ आपूर्ति गर्न नीतिगत प्रोत्साहन प्रदान गरिनेछ। वाणिज्यको क्षेत्रमा साना व्यापारीहरूलाई सहभागी गराउनेतर्फ यथेष्ट ध्यान पुऱ्याइनेछ। मेरो सरकार भारतसँग व्यापार र पारवहन सन्धिहरू तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौता सम्पन्न गर्न प्रयत्नशील रहनेछ।

१४. देशको सांस्कृतिक सम्पदा र पर्यावरणको सन्तुलनको रक्षा गर्दै मेरो सरकारले पर्यटन क्रियाकलापहरूको तथा पर्यटन स्थलहरूमा सेवा र सुविधाको विस्तार गर्नेछ। पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्नुका साथै निजी क्षेत्रलाई सहभागी गराउन अन्तर्राष्ट्रिय स्तरको संयुक्त पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। वायु सेवालाई प्रतिस्पर्धात्मक बनाई देशका थप क्षेत्रहरूमा सेवा र सुविधा उपलब्ध गराउन निजी क्षेत्रमा समेत वायुसेवा सञ्चालन गर्न आवश्यक प्रोत्साहन दिइनेछ।

१५. स्थानीय स्तरका निर्माण कार्य र समस्याको समाधान जनताले स्थानीय स्तरमै गरून् भन्ने उद्देश्यले मेरो सरकारले विकेन्द्रित शासन व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७

लागू गर्नेछ। यसका निम्ति गाउँ, नगर र जिल्लाका स्थानीय इकाईहरू प्रभावकारी र शक्तिसम्पन्न बनाउने कानूनी व्यवस्था मिलाइनेछ।

स्थानीय विकास कार्यक्रमलाई गरीबी उन्मूलन गर्नेतर्फ उन्मुख गराई दुर्गम क्षेत्र र महिला, केटाकेटी तथा समाजका विपन्न समुदायलाई प्रत्यक्ष फाइदा पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ। अधिराज्यका मठ-मन्दिर तथा गुम्बाहरू र तिनका बहुमूल्य सम्पदाको अभिलेख तयार गर्ने तथा तिनको संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१६. मेरो सरकारले वर्तमान शिक्षा नीति र कार्यक्रमको समष्टिगत मूल्याङ्कन गरी शिक्षा र संस्कृति सम्बन्धी नयाँ नीति निर्धारण गर्नेछ। आगामी दश वर्षसम्ममा प्राथमिक विद्यालय जाने उमेरका सबै बाल-बालिकालाई प्राथमिक शिक्षाको अवसर उपलब्ध गराउनेछ। माध्यमिक तहसम्मको शिक्षालाई चरणबद्ध रूपमा निःशुल्क र विस्तारित गर्नेछ। साक्षरता अभियानलाई अझ व्यापक र विस्तारित गर्नेछ।

ग्रामीण विकासका लागि उपयोगी हुने आधारभूत तथा मध्यम-स्तरीय सीपमूलक प्राविधिक जनशक्ति तयार गर्ने प्राविधिक शिक्षालयहरूको विकास र विस्तारमा जोड दिइनेछ। महिला शिक्षालाई प्रोत्साहन दिइनुका साथै दुर्गम क्षेत्रमा शिक्षाको अवसरमा अझै वृद्धि गरिनेछ। जनसंख्या शिक्षालाई व्यापक र विस्तारित पारिनेछ।

मेरो सरकारले थप विश्वविद्यालयको स्थापना गर्नेतर्फ नीतिगत प्रोत्साहन दिनेछ। शिक्षाको गुणस्तरमा वृद्धि गर्न उपयुक्त पाठ्यक्रमको विकास, परीक्षा-प्रणालीमा सुधार तथा शिक्षक तालीम जस्ता कार्यक्रमलाई प्रोत्साहित गर्नेछ। देशको सांस्कृतिक एवं धार्मिक धरोहरको संरक्षण तथा विभिन्न जात-जातिका नृत्य, संगीत, कला, संस्कृति, भाषा र साहित्यलाई सम्वर्द्धन र विकास गर्न मेरो सरकारले विशेष प्रयत्न गर्नेछ।

१७. आगामी दश वर्षभित्र सबै नेपालीलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनेतर्फ मेरो सरकारले प्रभावकारी पाइला चाल्नेछ। यसका निम्ति प्रतिकारात्मक स्वास्थ्य सेवालाई गाउँ-गाउँसम्म पुऱ्याइनेछ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

362

तथा उपचारात्मक स्वास्थ्य सेवा पनि सरल र सर्वसुलभ बनाइनेछ। प्राथमिक स्वास्थ्य सेवालाई सर्वसुलभ तुल्याउन स्वास्थ्य चौकी एवं अस्पतालहरूको सेवा र प्रेषण-प्रणालीमा सुधार गरिनेछ। जनसंख्या वृद्धिदरलाई नियन्त्रण गरिनेछ। बाल-मृत्युदर र मातृ-मृत्युदरलाई उल्लेखनीय रूपमा घटाउने खालका कार्यक्रम विशेष रूपमा सञ्चालन गरिनेछ। मेरो सरकारले आयुर्वेद चिकित्सा प्रणाली र जडीबुटी प्रशोधन एवं अनुसन्धानलाई प्रोत्साहन दिनेछ।

१८. मेरो सरकारले मुलुकमा बढी रोजगारी सिर्जना गर्नसक्ने ...पमूलक तालीमको विस्तार गर्नेछ। शिक्षित र तालीमप्राप्त व्यक्तिहरूलाई रोजगारीका सम्बन्धमा उपयुक्त सल्लाह दिन रोजगारी र सूचना केन्द्रको स्थापना गर्नेछ। ट्रेड युनियनहरूको स्वस्थ विकासमा सहयोग पुऱ्याई श्रमिक तथा रोजगारदाताका बीच समझदारी बढाउन तथा औद्योगिक शान्ति स्थापना गर्न मेरो सरकारले मद्दत पुऱ्याउनेछ।

आर्थिक एवं सामाजिक दृष्टिले पिछडिएका वर्गको उत्थानका लागि तथा असहाय, बृद्ध र अपाङ्गहरूका लागि सामाजिक सुरक्षा प्रदान गर्न मेरो सरकारले कदम चाल्नेछ। महिलाहरूको सामाजिक एवं आर्थिक विकास कार्यक्रमलाई प्राथमिकता दिई अघि बढाइनेछ। बाल-बालिकाहरूको हक-हित र कल्याणका कार्यक्रम सञ्चालन गरिनेछ। श्रमिकहरूलाई उनीहरूको न्यायोचित हक र सुविधा दिलाउने तथा सामाजिक न्याय कायम गर्नेतर्फ मेरो सरकार सचेष्ट रहनेछ।

१९. मेरो सरकारले प्रेस स्वतन्त्रता र जनताको सुसूचित हुने हकको ...्याभूति गर्ने स्वतन्त्र, स्वस्थ र मर्यादित पत्रकारिताको विकासलाई प्रोत्साहित गर्नेछ। दूरसञ्चार सेवालाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउने सन्दर्भमा प्रत्येक विकास क्षेत्र अन्तर्गतका विभिन्न ठाउँहरूमा टेलिफोन सेवाको विस्तार गरिनेछ। विभिन्न ठाउँमा टेलिफोन एक्स्चेञ्ज–क्षमतामा बृद्धि गरिनुका साथै डिजिटल टेलिफोन एक्स्चेञ्ज-सेवाको समेत विस्तार गरिनेछ।

नेपाल टेलिभिजनको प्रसारण क्षेत्र विस्तार गर्न भू-उपग्रहको उपयोग गर्ने सम्भावनाको खोजी गरिनेछ। देशका प्रत्येक गाउँ विकास समितिमा सक्षम हुलाक सेवाको विस्तार गर्दै लैजाने नीति लिइनेछ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८३

२०. मेरो सरकारले गृह प्रशासनलाई स्वस्थ र प्रभावकारी बनाउन सामयिक सुधार गर्नेछ। बहुदलीय प्रजातन्त्रको वर्तमान परिवर्तित परिप्रेक्ष्यमा प्रहरीको दायित्त्व र संगठनमा पनि आवश्यक दिशानिर्देशन र सुधार प्रारम्भ गरिनेछ। प्रहरी शक्तिलाई उच्च मनोबल, नैतिकता र नम्रता भएको तथा जनताको सेवा र सहयोगमा समर्पित संस्थाको रूपमा विकसित गरिनेछ। प्रजातन्त्रको स्थायित्त्व र सुदृढीकरणका निम्ति सामाजिक अशान्ति, अपराध प्रवृत्ति तथा अवैध पदार्थको प्रयोग र ओसार-पसारमा लाग्नेहरूका विरूद्ध जनचेतना वृद्धि गर्ने तथा प्रभावकारी प्रशासनिक नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ। गृह प्रशासनलाई दैवी प्रकोप र घटनाहरूको रोकथामको पूर्वतयारी गर्नसक्ने तथा तत्काल राहत पुऱ्याउन सक्ने प्रभावकारी क्षमता भएको निकायको रूपमा समेत विकसित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। मेरो सरकारले शहीद घोषणा गर्ने आवश्यक कार्यवाहीको प्रारम्भ गर्नेछ।

२१. मेरो सरकारले शाही नेपाली सेनालाई दक्ष र सक्षम बनाई देश विकासका विभिन्न निर्माण कार्य तथा उद्धार कार्यमा सहभागी गराई जनताको भरपर्दो सहयोगी शक्तिको रूपमा परिचालन गर्नेछ। संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेनाको भूमिका निर्वाह गर्ने कार्यमा पनि शाही नेपाली सेनाको उपयोग गरिनेछ।

२२. मेरो सरकारले न्याय प्रशासनलाई जनमुखी, निष्पक्ष, स्वतन्त्र र सर्वसुलभ बनाउनेछ। बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ अनुरूप बाल-बालिकाको हक-हितको संरक्षणको निम्ति आवश्यक कानूनी व्यवस्था मिलाइनेछ।

२३. मेरो सरकारको परराष्ट्र नीति प्रजातन्त्र र मानव अधिकारप्रति प्रतिबद्ध रही देशको स्वाधीनता र सार्वभौमसत्ताको रक्षा गर्दै नेपालको राष्ट्रिय सम्मान र हितको अभिवृद्धि गर्ने उद्देश्यले अभिप्रेरित हुनेछ।

मेरो सरकारले विश्वका सबै मुलुकहरूसँग शान्ति र मैत्रीपूर्ण सम्बन्धको विकास गर्दै संयुक्त राष्ट्र संघको भूमिका र बडापत्रमा अन्तर्निहित मान्यताहरूको अनुसरण गर्ने नीति अँगाल्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268

मेरो सरकारले छिमेकी राष्ट्रहरू भारत र चीनसँग मित्रता र आपसी विश्वासको बलियो सम्बन्धलाई सुदृढ गर्दै दक्षिण एशियाली मुलुकहरूसँगको क्षेत्रीय सहयोग र समझदारीलाई अझ विस्तृत पार्ने नीतिको अवलम्बन गर्नेछ । परम्परागत हात-हतियारको होडबाजीलाई नियन्त्रण गर्ने, आणविक हतियारको विनाशकारी सम्भावनाबाट मानव जातिलाई जोगाउने, अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान खोज्ने तथा मानव अधिकारको रक्षा गर्ने जस्ता प्रश्नहरूमा मेरो सरकारले संयुक्त राष्ट्र संघमा प्रभावकारी भूमिकाको निर्वाह गर्नेछ ।

हाम्रो देशको आर्थिक विकासमा सहयोग गर्ने सबै मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूप्रति मेरो सरकार हार्दिक आभार प्रकट गर्दछ । बहुदलीय प्रजातन्त्रको उदार संरचनाभित्र विकासोन्मुख हाम्रो देशलाई मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरूको अझ बढी सहयोग प्राप्त हुने आशा मेरो सरकारले राखेको छ ।

२४. हाम्रो संविधानले प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रता लगायत विभिन्न मौलिक हकहरूको प्रत्याभूति हुने गरी मानव अधिकार सुरक्षित गरेको छ । यसै गरी संविधानले कानूनी राज्यको परिकल्पनालाई साकार पार्न स्वतन्त्र न्यायपालिकाको व्यवस्था पनि गरेको छ । तसर्थ, संविधानप्रदत्त हकहरूलाई निर्बाध रूपमा उपभोग गर्न र गर्न दिन शान्ति, सुरक्षा र अनुशासन कायम राख्न सहयोग गर्नु सबै नेपाली नागरिकको कर्तव्य हुन आएको छ । आशा छ, देश र जनताको हित हुने कुरामा मेरो सरकारलाई सबैबाट सहयोग प्राप्त हुने नै छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

**आज्ञाले,**
**जीवनलाल सत्याल**
**संसदको महासचिव**



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।